# साझा प्रकाशनका महाप्रबन्धक छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०७९

## प्रस्तावना

साझा प्रकाशन विनियमावली, २०७७ को परिच्छेद ९, नियम ३६ तथा साझा प्रकाशन कर्मचारी प्रशासन नियमावली, २०७३ (संशोधनसहित) को नियम ६.३.२ (क) समेतमा साझा प्रकाशनमा रिक्त महाप्रबन्धक पदको नियुक्ति योग्य व्यक्तिहरूमध्येबाट सञ्चालक समितिले गर्ने प्रावधान रहेको र उक्त पदपूर्ति खुला, पारदर्शी तथा निष्पक्ष तरिकाले गर्ने प्रयोजनका लागि देहायबमोजिमको **साझा प्रकाशनका महाप्रबन्धक छनोट तथा सिफारिससम्बन्धी कार्यविधि, २०७९** तयार गरी लागु गरिएको छ ।

यो कार्यविधि सञ्चालक समितिको बैठकबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

### १. दरखास्त आह्वान

साझा प्रकाशनमा रिक्त हुन आएको महाप्रबन्धक पदपूर्तिका लागि बढीमा १५ (पन्ध्र) दिनको म्याद दिई राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

### २. आवश्यक न्यूनतम योग्यता

महाप्रबन्धकको नियुक्तिका लागि देहायबमोजिम योग्यता पुगेको हुनुपर्नेछ :

(१) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर वा सोसरह उत्तीर्ण गरेको, सार्वजनिक प्रशासन/व्यवस्थापन/साहित्य/कला/पत्रकारितामा रुचि भएको, कम्तीमा २५ वर्ष पूरा भई ६० वर्ष उमेर ननाघेको नेपाली नागरिकलाई महाप्रबन्धक नियुक्त गर्न सकिनेछ ।

(२) महाप्रबन्धक छनोटमा पूर्वअनुभव र सक्षमतालाई पनि मूल्याङ्कनको आधार बनाइनेछ ।

### ३. **महाप्रबन्धकको पदमा नियुक्तिका लागि देहायको व्यक्ति योग्य मानिने छैन–**

(१) गैरनेपाली नागरिक,

(२) संस्थासँग ठेक्कापट्टा वा कुनै चल-अचल सम्पत्तिसम्बन्धी कारोबारमा संलग्न भएको,

(३) निजको नाममा तिर्नु बुझाउनुपर्ने सरकारी बाँकी रकम रहेको,

(४) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमतिपत्र प्राप्त गरेको,

(५) मानसिक सन्तुलन ठीक नभएको ।

(६) प्रचलित कानुनले अयोग्य ठहरिएको,

(७) यी अयोग्यताका सम्बन्धमा निवेदकले निवेदनमा ‘म अयोग्य छैन’ भनी स्वघोषणा गर्नुपर्नेछ ।

साझा प्रकाशन

## ४. महाप्रबन्धकको योग्यताका अन्य शर्त देहायबमोजिम हुनेछन्–

(१) महाप्रबन्धक पदमा नियुक्त हुन चाहने उम्मेदवारले साझा प्रकाशनको सेवाको कार्यमा पुऱ्याउन सक्ने योगदान, रणनीति एवं क्रियाकलापसहित कार्यान्वयन गर्ने व्यावसायिक कार्ययोजना पेश गर्नुपर्नेछ ।

(२) निवेदनसाथ नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताका प्रमाणपत्र, अन्य योग्यता तथा अनुभवका प्रमाणपत्रका आफैले प्रमाणित गरेका प्रतिलिपि तथा व्यक्तिगत विवरण संलग्न गर्नुपर्नेछ ।

(३) निवेदन साथ निवेदन (दरखास्त) दस्तुरबापत रु २,०००।- (अक्षरेपि दुई हजार मात्र) साझा प्रकाशनको आर्थिक प्रशासन शाखामा रकम बुझाएको सक्कलै रसिद संलग्न गरी दरखास्तसाथ पेस गर्नुपर्नेछ ।

(४) सेवा अवधि र सेवासुविधा साझा प्रकाशन विनियमावलीमा तोकिएबमोजिम हुनेछ ।

## ५. छनोटका आधार र प्रक्रिया

(१) पेश हुन आएका निवेदकहरुमध्येबाट योग्यता तथा अनुभवका आधारमा उम्मेदवार छनोट उपसमितिले बढीमा ५ (पाँच) जनाको संक्षिप्त सूची बनाई कार्ययोजना र प्रस्तुतीकरणका लागि छनोट गर्नेछ । र, सोही उपसमितिले कार्ययोजना, प्रस्तुतीकरण तथा मौखिक संवादसमेतका आधारमा समग्र मूल्याङ्कन गरी बढीमा ३ (तीन) जनाको नाम सञ्चालक समितिसमक्ष सिफारिस गर्नेछ ।

(२) उमेदवार छनोटका लागि निम्नअनुसार कुल ५० (पचास) अङ्क निर्धारण गरिनेछ ।

| क्र.स. | विवरण | | भार |
|---|---|---|---|
| १. | शैक्षिक योग्यता (स्नातकोत्तर) | प्रथम श्रेणी | ८ अङ्क |
| | | द्वितीय श्रेणी | ६ अङ्क |
| | | तृतीय श्रेणी वा पास | ४ अङ्क |
| २. | न्यूनतमभन्दा माथिल्लो शैक्षिक योग्यता | विद्यावारिधि वा अन्य | ३ अङ्क |
| ३. | कार्याअनुभव (नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थाको नेतृत्व तहमा बसी काम गरेको) | प्रत्येक वर्ष १ अङ्कका दरले बढीमा ५ वर्षको | ५ अङ्क |
| ४. | सेवा सम्बद्ध तालिम (कम्तीमा एक महिना) | आधिकारिक शैक्षिक, प्राज्ञिक, प्रशासनिक निकायबाट प्राप्त प्रशासनिक, व्यवस्थापकीय, लेखा सञ्चालन, सूचना प्रविधि एवं संस्थाको प्रकृतिसँग मिल्दो तालिम | ४ अङ्क |



साझा प्रकाशन

| | | | |
|---|---|---|---|
| ५. | आधुनिक प्रविधिको ज्ञान | कम्प्युटर, इमेल, इन्टरनेट लगायत आधुनिक प्रविधिको प्रयोगसम्बन्धी दक्षता | ५ अङ्क |
| ६. | ४.१ मा उल्लिखित साझा प्रकाशनमा देखिएका प्रमुख समस्या र तिनको समाधानका लागि तयार गरिएको व्यावसायिक कार्ययोजना र सोको प्रस्तुति तथा छलफल | निर्माण, प्रस्तुतीकरण तथा संवाद | २५ अङ्क |
| | | **जम्मा** | ५० अङ्क |

(३) सिफारिस समितिबाट पेश हुन आएका बढीमा ३ (तीन) जना उम्मेदवारमध्येबाट सञ्चालक समितिले एक जना छनोट गरी नियुक्त गर्नेछ ।

## ६. दरखास्त मूल्याङ्कन तथा सिफारिस समिति

साझा प्रकाशनको रिक्त महाप्रबन्धक पदमा इच्छुक उम्मेदवारहरूबाट पेश हुन आएका दरखास्तहरूमध्येबाट महाप्रबन्धक पदमा नियुक्तका लागि उपयुक्त उम्मेदवारहरूको नाम छनोट तथा सिफारिस गर्ने प्रयोजनका लागि देहायबमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति गठन गरिनेछ ।

(१) सञ्चालक समितिका अध्यक्षले तोकेको सञ्चालक – संयोजक

(२) सञ्चालक समितिले तोकेका दुई जना सञ्चालक – सदस्य

(३) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अधिकृत प्रतिनिधि – सदस्य

(४) सञ्चालक समितिका अध्यक्षले तोकेको एक जना सहकारी विज्ञ – सदस्य

## ७. बाधा अड्काउ फुकाउ

महाप्रबन्धक पदपूर्ति प्रक्रियामा कुनै पनि विषयमा द्विविधा भई थप स्पष्ट गर्नुपर्ने भएमा सञ्चालक समितिको बैठकबाट भएको निर्णयबमोजिम हुनेछ ।

साझा प्रकाशन